# मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

## Mirmire Laghubitta Bittiya Sanstha Limited

मिर्मिरे
लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बनेपा नगरपालिका वडा नं. ८, बनेपाबजार, काभ्रेपलाञ्चोक

फोन नं. ०११-६६२३११/१२, E-mail : info@mirmirebank.com.np, Website : www.mirmirebank.com.np

## बाह्रौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०९ गते)

**श्री आदरणीय शेयरधनी महानुभाव ज्यूहरु,**

मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/०९/०८ गते बसेको सञ्चालक समितिको २४७औं बैठकको निर्णयले यस वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम जानकारी तथा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७९ पौष ३० गते शनिवार (तद्नुसार १४ जनवरी, २०२३)

**समय** : बिहान ११ : ०० बजे

**स्थान** : योयो बैंक्वेट, सूर्यविनायक न.पा.-५, घलाँते, भक्तपुर

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव सोही अवधिको नगद प्रवाह विवरण लगायत सम्बन्धित अनुसूचीहरु पारित गर्ने।

३. आर्थिक वर्ष २०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक यु.के. एशोसिएट्स (चाटर्ड एकाउन्टेन्ट्स) पुनः नियुक्त हुन योग्य रहेको)

४. सञ्चालक समितिबाट गरिएको एकजना सञ्चालक नियुक्ति अनुमोदन गर्ने।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रबन्धपत्र र नियमावलीको सम्बद्ध दफामा संशोधन गर्न स्वीकृति प्रदान गर्ने।

२. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २३ प्रतिशतले हुने बोनस शेयर स्वीकृत गर्ने।

३. प्रबन्धपत्र र नियमावलीमा संशोधन सम्बन्धी प्रस्तावहरुको संशोधनमा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लिमिटेड आदि) बाट स्वीकृति लिन वा अभिलेख गराउने सिलशिलामा कुनै निर्देशन दिइएमा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन समेतको कार्य गर्न सक्नेगरी सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने।

४. उपयुक्त अन्य लघुवित्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (मर्जर हुने), प्राप्ती/समाहित (एक्विजिसन) हुने/गर्ने सम्दर्भमा सञ्चालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।

**(ग) विविध।**

**सञ्चालक समितिको निर्णयअनुसार,**
**कम्पनी सचिव**

## बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. यस बाह्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/०९/२० गते १ (एक) दिनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द हुनेछ । मिति २०७९/०९/२० गते भन्दा अघिल्लो दिनसम्म अर्थात २०७९/०९/१९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई सो को ७ (सात) कार्यदिन भित्र यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखत/विवरणको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम तथा सिडीएस एण्ड क्लियरिङ्ग लि.मा प्रचलित नियम बमोजिम कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न र बोनस शेयर प्राप्त गर्न सक्नेछन् ।

२. साधारण सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने कुनै परिचय-पत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै बिहान १०:०० बजेभित्र यस संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलान्चोकमा दर्ता गराई सक्नुपर्नेछ । संस्थाको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।

४. एक जना शेयरधनीले एक भन्दा वढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः वदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि (प्रोक्सी) वदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः वदर भएको मानिनेछ ।

५. प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयम् उपस्थित भएमा उक्त मुकरर गरिएको प्रोक्सी स्वतः वदर हुनेछ ।

६. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीहरुले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा सुरु हुनुभन्दा ७ दिन अगावै वित्तीय संस्थालाई जानकारी दिनुपर्नेछ । जानकारी नदिएको विषय उपर भने छलफल गर्न सकिने छैन ।

७. साधारण सभामा भाग लिन आउँदा-जाँदा लागेको खर्च लगायत सबै प्रकारको खर्चको शोधभर्ना संस्थाले नदिने व्यहोरा अनुरोध छ ।

८. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीहरुले छलफलको विषयका बारेमा साधारण सभा हुनुभन्दा ७ दिन अगाडि संस्थाको केन्द्रीय कार्यालय मार्फत संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

९. साधारण सभा सम्बन्धी अन्य जानकारी चाहिएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा–८, काभ्रेपलान्चोक, फोन नं. ०११–६६२३११ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

शनिबार ९ पुस ०७९
www.nayapatrikadaily.com नयाँ पत्रिका